**संघीय संसद**
**राष्ट्रिय सभा**
**दशौं अधिवेशन**
**बैठक -९**
**सूचनापत्र -२**
**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ असोज ८, शुक्रवार (पहिलो बैठक)**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको नवौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय **खिम लाल भट्टराई**लाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय **खिम लाल भट्टराई**ले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेका मागका सम्बन्धमा सबैको ध्यानाकर्षण भइसकेको जानकारी गराउनु हुँदै सभा सञ्चालनका लागि आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले कार्यसूचीको क्रम सङ्ख्या ३ र ४ मा समावेश गरिएका विषयहरू कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउनुभयो।

सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण सम्बन्धी प्राप्त पत्रको बेहोरा पढेर सुनाउनुभयो :

" मितिः २०७८/०६/०७

**विषयः विधेयक प्रमाणीकरण गरी पठाइएको।**

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेस हुन आएको देहाय बमोजिमको विधेयक सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयक नं. | विवरण | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | १ | विनियोजन विधेयक, २०७८ | २०७८/०६/०७ |

(तोयनारायण ज्ञवाली)

सचिव"

त्यसपछि सम्माननीय अध्यक्षले **राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाल**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०७८"** र **"राष्ट्र ऋण उठाउने विधेयक, २०७८"** लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभयो

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **१० मिनेट**पछि बस्ने गरी बिहान ११:०५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव